सम्वत् २०७९ सालको ऐन नं.- १

पाथीभरा याङवरक गाउँपालिका

# आर्थिक ऐन, २०७९

गाउँसभाबाट पारित भएको मितिः २०७९/०३/१०

पाथीभरा याङवरक गाउँपालिका

थेचम्बु, ताप्लेजुङ्ग

प्रदेश नं.-१, नेपाल

अध्यक्ष ज्यूबाट प्रमाणिकरण भएको मिति
२०७९/०३/२६

# पाथीभरा याङवरक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने ऐन

**प्रस्तावना:** पाथीभरा याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त राजश्व संकलन गर्ने, स्थानीय कर लगाउने, करको दर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पाथीभरा याङवरक गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७९ साल श्रावण १ गते आइतबारका दिन देखि पाथीभरा याङवरक गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पत्ति कर:** (१) पाथीभरा याङवरक गाउँपालिकाको क्षेत्र भित्र आ.व. २०७९/८० का लागि अनुसूची (१) बमोजिम घर जग्गा तथा सम्पत्ति कर लगाईने र असुल उपर गरिने छ ।

२) उपदफा (१) बमोजिमको कर करदाताले सम्बन्धित वडा कार्यालयमा गई भुक्तान गर्नु पर्नेछ। साथै यस्तो कर संकलनका लागि वडा कार्यालयले समय समयमा तोकेकोको स्थानहरूवाट सूचना प्रशारण गरी संकलन गर्न सक्नेछ ।

३) प्रचलित संघीय आर्थिक ऐन बमोजिम घर र सोले चर्चेको जग्गामा सम्पति कर र अन्य जग्गामा भूमिकर (मालपोत कर) गरी एकमुष्ट रुपमा सम्पति कर र भूमिकर (मालपोत कर) संकलन गरीनेछ ।

४) सालबसाली रुपमा विगतमा मालपोत कर, सम्पत्ति कर तथा भुमीकर संकलन गरीदै आएकोमा करदाताबाट त्यस्तो कर बक्यौता रहेको भए उक्त बक्यौता रकमका अतिरिक्त १०% थप गरी एकमुष्ट संकलन गरीनेछ ।

(५) उपदफा (१) बमोजिमको चालू आ.व.को कर आ.व. २०७९/८० को पहिलो चौमासिक (कार्तिक मसान्त) भित्रै भुक्तानी गर्न आउने करदातालाई तिर्नु पर्ने करमा २०% छुटको व्यवस्था गरिएको छ ।

(६) यस दफा बमोजिमको कर संकलनलाई नियमित र व्यवस्थित बनाउनका लागि गाउँपालिकाको कार्यालय, वडाहरू र विषयगत शाखाहरूले कुनै प्रकारको सेवा लिदा/दिंदा यस दफा बमोजिमको कर तिरेको प्रमाणलाई आधार बनाउन सक्नेछन् ।

**३. भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**४. घर वहाल कर:** (१) पाथीभरा याङवरक गाउँपालिका क्षेत्र भित्र सरकारी तथा गैरसरकारी संघ संस्था, नीजि क्षेत्र, कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छपर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर यस गाउँपालिकाद्वारा भुक्तानी हुने भएमा भुक्तानीकै क्रममा र अन्य करदाताको हकमा बहालमा लगाउँने व्यक्ति वा संस्थाबाट संकलन गरिनेछ ।

**४. व्यवसाय कर:** (१) गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय, उद्योग, नीजि वा सामूहिक फर्म वा सेवा लिने दिने फर्म, कम्पनि वा ब्यवसायीबाट उक्त व्यवसायको पुँजीगत लगानी तथा आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय दर्ता तथा नवीकरण शुल्क लगाईने र असुल उपर गरिनेछ ।

(२) दफा (१) बमोजिमको कर तथा शुल्क व्यवसायीले वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयमा गई भुक्तानी गर्नु पर्नेछ।

(३) यस दफा बमोजिमको कर बिगत आ.व.हरुबाट बक्यौता सरी आएको भए उक्त करदाताबाट बक्यौता रकमको २०% रकम थप गरी चालू आ.व.मा कर उठाउँदा एकमुष्ट उठाईनेछ ।

**५. सवारी साधन कर;** (१) यस्तो कर प्रदेश आर्थिक ऐन, २०७९ अनुसार हुनेछ । तर उक्त ऐनको दफा ३. को उपदफा (२) बमोजिमको रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा र पावरटिलरमा अनुसूची-५ बमोजिमको सवारी साधन कर असुल गरिनेछ ।

**६. विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**७. विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा:** गाउँपालिका क्षेत्रभित्रका विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवामा अनुसूची ७ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. सेवा, शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको र अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार दर्ता, सिफारिस, शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ।

**१०. हाट बजार करः** गाउँपालिका क्षेत्रभित्र हुने हाट बजारमा अनुसूची १० बमोजिमको हाटवजार कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**११. दण्ड, जरिवाना तथा सजाय र पुरस्कारः** तोकिएका कर, दस्तुर, सेवा शुल्क तोकिएको समय सीमामा नबुझाएमा तथा अन्य स्थानीय तहका नियमहरु पालना नगरेमा अनुसूची ११ बमोजिम दण्ड जरिवाना तथा सजाय लगाइने र असुल उपर गरिनेछ। र, उपरोक्त बमोजिम दण्ड जरिवाना तथा सजाय असुलीमा सहयोग गर्ने सरोकारवाला पक्षलाई गाउँ सभा अधिवेशनको निर्णय बमोजिम पुरस्कार समेत प्रदान गर्न सकिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१२. ढुङ्गा, गिटी बालुवा (दहत्तर बहत्तर) संकलन तथा बिक्री शुल्कः** (१) प्रदेश आर्थिक ऐन, २०७६ को दफा (८) र सोको अनुसुची-६ बमोजिम यस गाउँपालिकाको प्रारम्भिक वातावरणिय परीक्षण (IEE) भएका स्थानहरूबाट तोकिएका परिमाणमा ढुङ्गा, गिटी, वालुवा (नदीजन्य दहत्तर बहत्तर) को उत्खनन, विक्री बितरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क संकलनका लागि गाउँपालिकाको बैठकले निर्धारण गरेको न्युनतम परिमाण रकमबाट नघट्ने गरी यस गाउँपालिकामा दर्ता, नविकरण गरेका ढुङ्गा, गिटी वालुवा संकलन तथा विक्री गर्ने दर्तावाल व्यवसायीहरू बीच बढावढ प्रतिस्पर्धा गरी गराई संकलन तथा विक्रि गरिनेछ ।

३) उपदफा (१) बमोजिमको रँकम गाउँपालिकाको स्थानीय विभाज्य कोषमा जम्मा गरी सोको ४०% प्रदेश संचित कोषमा र ६०% स्थानीय संचित कोषमा दाखिला गरिनेछ ।

(४) दफा (१) बमोजिमको शुल्क संकलनका लागि ठेक्का नलागेमा गाउँपालिकाले आफ्नै कर्मचारी राखी संकलन तथा विक्रि गर्न बाधा पर्नेछैन । साथै IEE नगरिएको स्थानको प्राकितिक स्रोतमा नियमानुसार IEE गरी ठेक्का लगाउन बाधा परेको मानिनेछैन ।

**१३. रूख कटान सिफारीश दस्तुरः** (१) निजी जंगलमा उत्पादित अनुसूची-१३ मा उल्लेखित जातका रुखहरू कटानका लागि सिफारीश गर्दा यस्तो प्रकारका रुख कटान बापत अनुसूची-७ मा उल्लेखित दस्तुर सिफारीस मागन आएको बखत असुलउपर वडा कार्यालयमार्फत गरिनेछ ।

/२/ दफा /१/ बमोजिमको सिफारिस दिदा रुखको मोटाई १ मिटर भन्दा सानो रुख कटान गर्न अनुमति दिईने छैन । साथै काटिने रूखको अनुपातमा तेब्बर रुख रोप्न सहमती भएमा मात्र उक्त प्रकारको रुख कटानको सिफारीस प्रदान गरीने छ ।

/३/ दफा /१/ बमोजिम कडा जातका काठहरू कटानका लागि सिफारीश दिंदा जिल्ला बन कार्यालयबाट आवश्यक अनुमती प्राप्त भएको प्रमाण पेश गर्नु पर्नेछ ।

**१४. गोलिया, काठ, दाउरा निकासीमा सडक उपभोग शुल्कः** (१) यस गाउँपालिकाको लगानीमा बनेको गाउँ तथा टोलस्तरीय सडक हुँदै दफा ८. अनुसारको सिफारीश भई कटान भएको काठ दाउरा गोलिया र अन्य गाउँपालिकाबाट यस गाउँपालिका हुँदै निकासी हुने काठ तथा गोलियामा अनुसूची-१४ बमोजिमको सडक उपभोग शुल्क लगाईनेछ ।

तर अन्य गाउँपालिकाबाट यस गाउँपालिका हुँदै जाने त्यस्तो काठ तथा गोलियामा यस्तो प्रकारको शुल्क यस गाउँपालिकाको सिमाना प्रवेश गर्नु अगावै भुक्तानी गरेको हकमा शुल्क उठाईनेछैन ।

(२) उपदफा (१) बमोजिमको शुल्क उठाउन वडा कार्यालयका कर्मचारी उपलब्ध भए निजहरूबाट र सो नभए वडा कार्यालयले कमिशन दिनेगरी संकलक नियुक्त गर्न सक्नेछन् । त्यसरी संकलक नियुक्त वडाले गरेको भए सोको जानकारी गाउँ कार्यपालिकालाई दिनु पर्दछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त संकलकहरूलाई संकलन गरीएको रकमको बढीमा २५% कमिशन प्रदान गरिनेछ । संकलकले गाउँपालिकाको संचित खातामा संकलित रकम जम्मा गरे पछि उक्त कमिशन रकम दाबी गर्न सक्नेछन् ।

**१५. दण्ड जरिवानाः-** (१) आर्थिक वर्ष २०७९/७९ मा पाथीभरा याङवरक गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्था वा निकायले स्थानीय कानुनको उल्लंघन गरेको पाइएमा कार्यपालिकाले दण्ड जरिवाना गर्न सक्नेछ।

(२) यस ऐनको उल्लंघन गरेवापत हुने दण्ड र जरीवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा संघीय र प्रदेश कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानुन बमोजिम हुनेछ ।

**<u>१६. कर घटाउन, बढाउन वा छुट दिन सकिने:</u>** यस ऐनमा जुनसुकै कुरा उल्लेख भएको भएतापनि गाउँ सभाले उपयुक्त ठानेमा तोकिएको कर तथा गैरकरको दर घटाउन, बढाउन वा त्यस्तो कर शुल्क आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।

(२) यस ऐनमा जुन सुकै कुरा उल्लेख भएको भएता पनि कार्यपालिकाले उचित ठानेमा सरकारी कार्यालयहरू, सरकारी तथा सामुदायिक विद्यालय, स्वास्थ्य संस्था र गैरनाफा मुलक संस्थालाई यस्तो प्रकारको कर शुल्कको दर पूरै वा आंशिक रुपमा घटाउन वा मिनाहा गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिईएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनका लागि छुट सुविधा प्राप्त गरेकोमा अरु प्रयोजनका लागि प्रयोग गरेमा त्यसरी छुट दिईएको शुल्क, कर रकम असुल उपर गरी सो रकम बराबर जरीवाना समेत गरिनेछ।

(४) उपदफा (१) र (२) बमोजिम दिईएको छुट विवरण प्रत्यक बर्ष राजश्व शाखाले गाउँ सभामा पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम कर वा शुल्क दर घटाएको बढाएको वा छुट दिईएको सूचना गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**<u>१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधी:</u>** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले निर्धारण गर्न सक्नेछ ।

**<u>१८. प्रक्रिया सरलिकरण वा बाधा अडकाउ फुकाउ गर्न सक्ने:</u>** प्रस्तुत कर सम्बन्धि कानून यस ऐनको कार्यान्वयनको चरणमा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा बिपदको कारणले उल्लेखित कानूनले प्रदान गरेको सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै वाधा अड्काउ पर्न गएमा कार्यपालिकाको राजश्व शाखाले आवश्यक्तानुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

## अनुसूची १
## सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ बमोजिम घर र सो घरले चर्चेको जग्गाको आधारमा निम्नानुसार सम्पत्ति कर प्रस्ताव गर्ने ।

### सम्पत्ति मूल्याङ्कनका आधारमा प्रस्तावित

| क्र.स. | सम्पत्ति मूल्याङ्कन रकम | आगमी आ.व.२०७९/०८० का लागि प्रस्तावित दर | कैफियत |
|---|---|---|---|
| १ | ५ लाखसम्म सम्पत्ति हुने करदाता | रु. १०० | |
| २ | ५००००१ देखी १० लाखसम्म | थप प्रति लाखको रु. १५ | |
| ३ | १०,००,००१ देखी २५ लाखसम्म | थप प्रतिलाखको रु. २० | |
| ४ | २५,००,००१ देखी ५० लाखसम्म | थप प्रतिलाखको रु. ३० | |
| ४ | ५०,००,००१ देखी १ करोडसम्म | थप प्रति लाखको रु. ३५ | |
| ५ | १००००००१ देखी माथि सबैमा | थप प्रति लाखको रु. ५० | |

## अनुसूची २
## भूमि कर (मालपोत)

| क्र.सं. | जग्गाको वर्गीकरण | आर्थिक वर्ष २०७९/०८० का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | सडकले छोएको अब्बल जग्गा प्रति रोपनी | २०।०० | |
| २ | गोरेटो बाटोले छोएको अब्बल जग्गा प्रति रोपनी | १५।०० | |
| ३ | सडक तथा गोरेटो बाटोले नछोएको अब्बल जग्गा प्रति रोपनी | १०।०० | |
| ४ | सडकले छोएको दोयम जग्गा प्रति रोपनी | १५।०० | |
| ५ | गोरेटो बाटोले छोएको दोयम जग्गा प्रति रोपनी | १०।०० | |
| ६ | सडक तथा गोरेटो बाटोले नछोएको दोयम जग्गा प्रति रोपनी | ८।०० | |
| ७ | सडकले छोएको सीम जग्गा प्रति रोपनी | १०।०० | |
| ८ | गोरेटो बाटोले छोएको सीम जग्गा प्रति रोपनी | ७।०० | |
| ९ | सडक तथा गोरेटो बाटोले नछोएको सीम जग्गा प्रति रोपनी | ५।०० | |
| १० | सडकले छोएको चहार वा खरबारी वा भीर वा बुट्यान जग्गा प्रति रोपनी | ७।०० | |
| ११ | गोरेटो बाटोले छोएको चहार वा खरबारी वा भीर वा बुट्यान जग्गा प्रति रोपनी | ५।०० | |
| १२ | सडक तथा गोरेटो बाटोले नछोएको चहार वा खरबारी वा भीर वा बुट्यान जग्गा प्रति रोपनी | ३।०० | |
| १३ | गाउँपालिका क्षेत्रभित्र सडक विस्तारका लागि निशुल्क जग्गा दिएका व्यक्तिहरुको जग्गा नेपाल सरकारको स्वामित्वमा नआउञ्जेलसम्म सडकले चर्चेको क्षेत्रभित्रको जग्गामा भूमिकर (मालपोत) मिनाहा गरिएको छ। | | |

**नोटः** धनीपुर्जामा अलैंचीबारी उल्लेख गरेको भए अब्बल जग्गा मानी सोही बमोजिम कर संकलन गरिनेछ।

## अनुसूची ३

### घर जग्गा बहाल कर

| क्र.सं. | घर जग्गा बहाल कर | आर्थिक वर्ष २०७९/०८० का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा सम्झौता रकमको दश प्रतिशत रकम | सम्झौता रकमको दश प्रतिशत रकम । | |
| २ | गाउँपालिकाले निर्माण गरेको टहराका लागि भाडा गाउँ कार्यपालिकाले तोकी सोही रकमको दश प्रतिशत रकम बहाल कर लिइनेछ । | सम्झौता रकमको दश प्रतिशत रकम । | |

## अनुसूची ४

### व्यवसाय कर

#### क) उद्योग व्यबसाय तर्फको दर्ता तथा नविकरण बापतको शुल्क

| बिवरण | १० लाख सम्म | २५ लाख सम्म | २५ लाख भन्दा बढी |
|---|---|---|---|
| ईट्टा भट्टा | ५००० | प्रतिलाख रू १०००. | प्रतिलाख रू. १३०० |
| स -मील फर्निचर उद्योग | ५००० | प्रति लाख रू. ७५० | प्रति लाख रू. १००० |
| कुटानी पिसानी मील | ५०० | प्रतिलाख रू. ७५ | प्रतिलाख रू. १०० |
| छपाई प्रेश | ५०० | प्रतिलाख रू. ८० | प्रतिलाख रू. १०० |
| चुक्पा, पाउरोटी, बोस्कुट उद्योग | ५०० | प्रतिलाख रू. ७५ | प्रतिलाख रू. १०० |
| कृषी औजार निर्माण उद्योग | ५०० | प्रतिलाख रू. ५० | प्रतिलाख रू. ३० |
| ग्रील उद्योग | २००० | प्रतिलाख रू. ३०० | प्रतिलाख रू. ४५० |
| दुग्ध डेरी\छुर्पी उद्योग | १००० | प्रति लाख रू. १२५ | प्रति लाख रू. १५० |
| क्रसर उद्योग स्थापना संचालनको ईजाजत तथा दर्ता | रू .१५००० | | |
| क्रसर उद्योग नविकरण | रू . ५००० | | |
| मिनि क्रसर दर्ता | रु. ७००० | | |
| मिनि क्रसर नवीकरण | रू. २५०० | | |
| अन्य उद्योगलाई उद्योगको प्रकृति हेरी | रु २००० देखी १०००,००,।-सम्म लिन सकिने । | | |

#### ख) घरेलू उद्योग दर्ता तथा नवीकरण वापत

| स्किमको आधारमा | दर्ता वपत | नवीकरण वपत | कैफियत |
|---|---|---|---|
| १ लाख रुपैया सम्मको | ५०० | ३०० | |
| १ लाख देखी ३ लाखसम्म | १००० | ५०० | |
| ३ लाख देखी ५ लाखसम्म | १५०० | ७०० | |
| ५ लाख भन्दा बढी | २५०० | १००० | |

#### ग) अन्य व्यसायतर्फ

अ. कृषिजन्य फर्म-दर्ता नविकरण शुल्क

| बिवरण | ५ लाख सम्म | १५ लाख सम्म | १५ लाख भन्दा बढी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| कुखुराको फर्म दर्ता | ७०० | प्रतिलाख रु.२०० | प्रतिलाख रु.३०० |
| कुखुराको फर्म नविकरण | ५०० | प्रति लाख रु.१०० | प्रति लाख रु.१२५ |
| सुगुर\बंगुर फर्म दर्ता | १००० | प्रतिलाख रु.३०० | प्रतिलाख रु.४०० |
| सुगुर बंगुर फर्म नवीकरण | ५०० | प्रतिलाख रु.१०० | प्रतिलाख रु.१३५ |
| बाख्रा\भेडा फर्म दर्ता | १००० | प्रतिलाख रु.३०० | प्रतिलाख रु.४०० |
| बाख्रा\भेडा फर्म नवीकरण | ५०० | प्रतिलाख रु.१०० | प्रतिलाख रु.२१२५ |
| गाई\भैंसी फर्म दर्ता | १२०० | प्रतिलाख रु.३०० | प्रतिलाख रु.४५० |
| गाई\भैसि फर्म नविकरण | ५०० | प्रतिलाख रु.१०० | प्रति लाख रु.११५ |
| अन्य कृषिजन्य उत्पादनमुलक कृषी समुह दर्ता र नविकरण (नगदे बाली, फलफुल खेती, तरकारी बाली, कफी, चिया, अलैची आदि) | ५०० | प्रतिलाख रु.१२० | प्रतिलाख रु.१५० |
| अन्य कृषिजन्य उत्पादनमुलक कृषी फर्म दर्ता र नविकरण (नगदे बाली, फलफुल खेती, तरकारी बाली आदि) | ६०० | प्रतिलाख रु. १२५ | प्रतिलाख रु.१४५ |
| अन्य पशुपन्छी जन्य फर्महरू दर्ता र नविकरण | ६०० | प्रतिलाख रु. १५० | प्रतिलाख रु.१८० |

आ. होमस्टे र रिसोर्ट दर्ता नवीकरण शुल्क

| बिवरण | ५ लाख सम्म | १५ लाख सम्म | १५ लाख भन्दा बढी |
|---|---|---|---|
| होमस्टे दर्ता सामुहिक | ५०० | प्रतिलाख रु.१५० | प्रतिलाख रु.२०० |
| होमस्टे सामुहिक नविकरण | ३०० | प्रतिलाख रु.७५ | प्रतिलाख रु.१०० |
| होमस्टे व्यक्तिगत दर्ता | ३०० | प्रतिलाख रु.५० | प्रतिलाख रु.८० |
| होमस्टे व्यक्तिगत नवीकरण | १५० | प्रतिलाख रु.३० | प्रतिलाख रु.५० |
| रिसोर्ट दर्ता | १००००. | प्रतिलाख रु.२५०० | प्रतिलाख रु.४००० |
| रिसोर्ट नवीकरण | ५००० | प्रतिलाख रु.१५०० | प्रतिलाख रु.२०००० |

## इ. ब्यापार ब्यवसाय तर्फ दर्ता तथा नविकरण बापतको शुल्क

| क.स. | ब्यवसायको प्रकार | ५ लाख सम्म | १५ लाखसम्म | १५ लाख भन्दा बढी |
|---|---|---|---|---|
| १ | किराना पसल | ४०० | हरेक लाखको रु.१०० | हरेक लाखमा रु.१५० |
| २ | चिया नास्ता पसल | १५० | हरेक लाखको रु.५० | हरेक लाखको रु.२८० |
| ३ | होटल (खाने बस्ने सुविधा भएको) | ५०० | हरेक लाखको रु.१२५ | हरेक लाखको रु.१७५ |
| ४ | थान कपडा पसल | ५०० | हरेक लाखको रु.१५० | हरेक लाखको रु.२०० |
| ५ | हार्डवेयर पसल | १००० | हरेक लाखको रु.२५० | हरेक लाखको रु.३५० |
| ६ | तरकारी तथा फलफूल पसल | ५० | हरेक लाखको रु.६० | हरेक लाखको रु.७५ |
| ७ | स्टेसनरी, पुस्तक, पत्रपत्रिका पसल | ३५० | हरेक लाखको रु.१०० | हरेकलाखको रु.१२५ |
| ८ | फेन्सी कपडा पसल | ३०० | हरेक लाखको रु.१०० | हरेक लाखको रु.१५० |
| ९ | औषधी पसल (एग्रोभेट समेत) | १५० | हरेक लाखको रु.५० | हरेक लाखको रु.८०० |
| १० | टेलरीङ | १५० | हरेक लाखको रु.७५ | हरेक लाखको रु.१०० |
| ११ | फर्निचर पसल | ५०० | हरेक लाखको रु.१२० | हरेक लाखको रु.१५० |
| १२ | ट्युसन कोचिङ सेन्टर | १०० | हरेक लाखको रु.४० | हरेक लाखको रु.७५ |
| १३ | दर्तावाला मदिरा पसल | १५०० | हरेक लाखको रु.७५० | हरेक लाखको रु.१००० |
| १४ | मदिरा पसल खुद्रा | १००० | हरेक लाखको रु.५०० | हरेक लाखको रु.८०० |

| | | | | |
|---|---|---|---|---|
| १५ | सुन चाँदीपसल (निर्माण समेत) | १००० | हरेक लाखको रु.१०० | हरेक लाखको रु.१०० |
| १६ | भाँडा पसल | ७०० | हरेक लाखको रु.१५० | हरेक लाखको रु.२०० |
| १७ | घडि रेडियो, मोवाइल लगायत इलेक्ट्रोनिक पसल | ३०० | हरेक लाखको रु.१०० | हरेक लाखको रु.१२५ |
| १८ | घडी रेडियो मोवायल आदि मर्मत सेन्टर | १५० | हरेक लाखको रु.५० | हरेक लाखको रु.८० |
| १९ | ब्युटिपार्लर, हजाम | १०० | हरेक लाखको रु.२५ | हरेक लाखको रु.४० |
| २० | मोटर साईकल, गाडी मर्मत सेन्टर | ५०० | हरेक लाखको रु.१२५ | हरेक लाखको रु.१८० |
| २१ | मनी ट्रान्सफर | १००० | हरेक लाखको रु.२५० | हरेक लाखको रु.३५० |
| २२ | माछा, मासु पसल | ५०० | हरेक लाखको रु.१२० | हरेक लाखको रु.१६० |
| २३ | कस्मेटिक | ३०० | हरेक लाखको रु.१०० | हरेक लाखको रु.१५० |
| २४ | आर्ट सेन्टर | १०० | हरेक लाखको रु.४० | हरेक लाखको रु.७५ |
| २५ | फलफुल जडीबुटी र बिरुवा नर्सरी | २०० | हरेक लाखको रु. ३० | हरेक लाखको रु २० |
| २६ | सुर्तीजन्य पसल | १००० | हरेक लाखको रु.२५० | हरेक लाखको रु.३५० |
| २७ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा कार्यपालिकाको निर्णय बमोजिम हुने। | न्युनतम रु. २००।०० देखी अधिकतम रु. ५०००।०० सम्म मात्र | | |

## अनुसूची ५

## सवारी साधन कर

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७९/०८० का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा | ३०००.०० | |
| २ | ई-रिक्सा (ईलेक्ट्रोनिक रिक्सा) | ३०००.०० | |
| ३ | पावर ट्रिलर | ३०००.०० | |

माथी उल्लेखित बाहेकका अन्य सवारी साधन कर प्रदेश कानून बमोजिम हुनेछ।

## अनुसूची ६

## विज्ञापन कर

**प्रदेश कानून बमोजिम हुनेछ।**

## अनुसूची ७

## विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७९/०८० का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | चिकित्सक (स्वास्थ्य र पशु) | १०००।०० | |
| २ | कानून व्यवसायी अधिवक्ता | १०००।०० | |
| ३ | कानून व्यवसायी अभिवक्ता | ७००।०० | |
| ४ | लेखापढी व्यवसायी | ५००।०० | |
| ५ | क वर्गको लेखापरीक्षक | २०००।०० | |
| ६ | ख वर्गको लेखापरीक्षक | १५००।०० | |
| ७ | ग वर्गको लेखापरीक्षक | १०००।०० | |
| ८ | घ वर्गको लेखापरीक्षक | ५००।०० | |

| | | | |
|---|---|---|---|
| ९ | क वर्गको निर्माण व्यवसाय | ५०००।०० | |
| १० | ख वर्गको निर्माण व्यवसाय | ४५००।०० | |
| ११ | ग वर्गको निर्माण व्यवसाय | ४०००।०० | |
| १२ | घ वर्गको निर्माण व्यवसाय | ३५००।०० | |
| १३ | विमा एजेण्ट विदेशी | ५०००।०० | |
| १४ | विमा एजेण्ट स्वदेशी | २५००।०० | |
| १५ | विमा अभिकर्ता स्थानीय | ५००।०० | |

## अनुसूची ८
## मनोरञ्जन कर

प्रदेश कानून बमोजिम हुनेछ ।

## अनुसूची ९
## सेवा, शुल्क, दस्तुर

| क.स. | विवरण | सिफारिस\प्रमाणित दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | **सवै प्रकारका निवेदन दस्तुर** | २० | |
| | | | |
| २ | **नागरिकता सम्बन्धि सिफारिस** | | |
| . | अनुसूची १ नागरीकता सिफारीस | २०० | |
| | प्रतिलिपी सिफारीस | २५० | |
| | अनुसूची ३ सिफारिस | ५०० | |
| | सनाखत सम्बन्धी सिफारिस | ५०० | |
| | नागरिकता बिबरण संशोधन सिफारिस | ६०० | |
| | नागरिकता संशोधन सिफारिस | १००० | |
| | | | |
| ३ | **जग्गाको स्रेस्ता कार्यान्वयन र दर्ता सिफारिस** | | |
| | बजार क्षेत्र र राजमार्गसंग जोडिएको जग्गा प्रति रोपनी | ५०० | |
| | ग्राभेल सडकले जोडिएको जग्गा प्रति रोपनी | १०० | |
| | कच्ची सडकले जोडिएको जग्गा प्रति रोपनी | ७५ | |
| | अन्य जग्गा प्रति रोपनि | ५० | |
| | | | |
| ४ | **जग्गाको चार किल्ला प्रमाणित (प्रति कित्ता)** | | |
| | १५ रोपनि सम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |
| | ३० रोपनी भन्दा वढी | १००० | |
| | | | |
| ५ | **जग्गा चार किल्ला सिफारिश** | | |
| | १५ रोपनी सम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |

| | | | |
|---|---|---|---|
| | ३० रोपनी भन्दा बढी | १००० | |
| | | | |
| ६ | **घर जग्गा मूल्याङ्कन र आम्दानी प्रमाणित** | | |
| | घर जग्गाको मूल्याङकन प्रतिहजार | रू ५ | |
| | आम्दानी प्रमाणित प्रतिहजार | रू ५ | |
| | बिध्यार्थी भिषा प्रयोजको लागि | २५छुट % | |
| ७ | **घरबाटो प्रमाणित** | ५०० | |
| ८ | **धनीपूर्जामा घर कायम** | ५०० | |
| ९ | **जग्गा सम्बन्धी अन्य सिफारीश** | | |
| | पूर्जामा विवरण संशोधन | ५०० | |
| | पूर्जा हराएको | ५०० | |
| | जग्गा नरबढी कायम | १००० | |
| | फिल्ड किताबमा भएको तर जग्गाधनी प्रमाणपूर्जा प्राप्त नभएको जग्गा कायमका लागि सिफारीस | १००० | |
| | | | |
| १० | **पेन्सन सम्बन्धी सिफारीश** | | |
| | पेन्सन नामसारी | १००० | |
| | परिवार बिवरण प्रमाणीत | ५०० | |
| | रहल पेन्सन जीवित सिफारिस | १००० | |
| ११ | **घर सार्ने सिफारिस** | | |
| | एक तले घरको काठ | १००० | |
| | दुई वा सो भन्दा वढी तले घरको काठ | २५०० | |
| १२ | **संस्था दर्ता** | | |
| | NGO"S काम गर्नको लागि अनुमति वापत | ५००० | |
| | NGO"S लाई अनुभवको प्रमाण पत्र वापत | ५००० | |
| | NGO"S दर्ता | ५००० | |
| | NGO"S नविकरण | २५०० | |
| | बिभिन्न समूह दर्ता वापत जस्तै सांस्कृतिक ,क्लब ,वाल ,महिला : खेलकुद ,परिवार, टोल बिकास, भजन किर्तन मन्डली आदि | १००० | |
| | बिभिन्न समूह नविकरण | ५०० | |
| | **नीजि विद्यालय दर्ता,** | | |
| | पूर्व प्राथमिक कक्षा स्थापना तथा संचालन अनुमति दिन, | २००० | वडाले अनुमति दिने |
| | प्राथमिक तहको स्थापना र संचालन अनुमति | ५००० | गा.पा. बाट |
| | माध्यामिक तह | १०००० | |
| | नीजि विद्यालय कक्षा थप | २००० | |
| | निजि विद्यालय नवीकरण वार्षिक | २५०० | |
| | **वित्तिय संस्था तथा सहकारी दर्ता, नविकरण** | | |

| | | | |
|---|---|---|---|
| | कृषि सहकारी दर्ता | ५००० | |
| | बचत तथा रीण सहकारी दर्ता | ८००० | |
| | बहुद्देशीय सहकारी दर्ता | १०००० | |
| | सबै प्रकारका सहकारी सूचिकरण तथा नवीकरण | २५०० | |
| | खारेजी | २५०० | |
| | वित्तीय संस्था सूचिकरण तथा अनुमती | १००००, | |
| | सहकारी, वित्तीय संस्था पहिल्यै दर्ता भएकोमा सूचिकरण गर्ने | ३००० | |
| | "क" वर्गको बैक वा वित्तिय संस्थालाई काम गर्ने अनुमती | १०००० | |
| | "ख" वर्गको बैक वा वित्तिय संस्थालाई काम गर्ने अनुमती | ७००० | |
| | "ग" वर्गको बैक वा वित्तीय संस्थालाई काम गर्ने अनुमति | ५००० | |
| १३ | **अन्य सिफारिस** | | |
| | नाता प्रमाणित | ३०० | |
| | स्थायी बसोवास, चाल चलन प्रमाणित | ३०० | |
| | जन्म, विवाहित, अविवाहित प्रमाणित | ३०० | |
| | बसाइसराइ दर्ता | ३०० | |
| | बसाइसाराइ सिफारिस | ५०० | |
| | मृत्यु प्रमाणित | २०० | |
| | बैदेशिक रोजगार प्रमाणित | ५०० | |
| | कर चुक्ता प्रमाणित | ५०० | |
| | विद्युत (मिटर वक्स) जडान, टेलिफोन जडान, धारा जडान सिफारिस | ३०० | |
| | नावालक परिचय पत्र सिफारिस | २०० | |
| | दुई वटा नाम भएको व्यक्ति एउटै भएको प्रमाणित, सिफारिस | २०० | |
| | आदिवासी/जनजाती, दलित, अल्पसंख्यक, मुस्लिम, मधेसी, पिछडा वर्ग सिफारिस प्रमाणित | २०० | |
| | आर्थिक सम्पन्नता भएको सिफारिस | १००० | |
| | आर्थिक विपन्नता भएको सिफारिस | १०० | |
| | परिवारिक विवरण प्रमाणित | ३०० | |
| | यसमा उल्लेखित नभएका सिफारिस प्रकृति हेरी | ५०० | |
| १५ | **कपाली तमसुक प्रमाणित** | | |
| | क) १ लाख रुपैया सम्मको कपालि तमसुक भए | ५०० | |
| | ख) १ लाख देखी ५ लाख सम्मको कपालि तमसुक भए | प्रति लाख रू. २०० | |
| | ग ( ५ लाख भन्दा बढी कपाली तमसुक भए | प्रति लाख रू ४०० | |
| १६ | **घर नक्सा पास** | | |
| | खर वा टिनको छानो भएको घर (प्रति वर्ग फुट) | २ | |
| | RCC कंकृट घर प्रति बर्ग फूट (आ.व.२०७७/०७८ सम्म बनेका) | ४ | |
| | RCC कंकृट घर प्रति बर्ग फूट (आ.व.२०७७/०७८ भन्दा पछी बनेका) | ५ | |
| १७ | **घर नक्सा कायम** | | |

| | | | |
|---|---|---|---|
| | खरको छानो भएको एक तले घर | २०० | |
| | खरको छानो भएको २ वा सोभन्दा बढी तला भएको घर | ३०० | |
| | टींनको छानो भएको १ तले गर | ३०० | |
| | टिनको छानो भएको २ तले घर | ५०० | |
| | ३ वा सोभन्दा बढी तला भएको टिनको छानो भएको घर | ७०० | |
| | RCC ढलान भएको पक्की घर १ तले | १५०० | |
| | RCC ढलान भएको पक्की घर २ तले | ३५०० | |
| | RCC ढलान भएको पक्की घर ३ वा सोभन्दा बढी तले | ५००० | |
| १८ | **बिक्री आय** | | |
| | पुराना सामान दाउरा काठ बिक्री | लिलामबाट | |
| | फारम बिक्रि बापत (प्रति फरम) | १० | |
| | ऐन, नियमावली, कार्यविधी, गाउँपार्श्व चित्र, बैठकको प्रमाणित प्रतिलिपी आदि | प्रति पेज रू. ५ (A4 साइज) | |
| | कार्यालयको कागजात लिखत उतार प्रतिलिपी प्रति पेज | ४ | सिंगल साईज |
| | कार्यालयको कागजात लिखत उतार प्रतिलिपी प्रति पेज | ७ | डबल साईज |
| | बिडिङ टेन्डर आदिको कागजपत्र बिक्री | सार्वजनिक खरीद ऐन र नियमावली अनुसार | |
| १९ | **दण्ड सजाय** | | |
| | **३५ दिन भित्रको घटना दर्तामा कुनै किसिमको शुल्क नलाग्ने** | ० | |
| | **३५ दिन नाघि दर्ता हुन आएका घटना दर्तामा निम्नानुसारका बिलम्ब शुल्क लाग्नेछ** | | |
| | १. पञ्जिकरण बिलम्ब शुल्क | ५० | |
| | २. पञ्जिकरण सेवा शुल्क | ५० | |
| | ३. पंजिकरण प्रतिलिपी | २०० | |
| | ४. पंजिकरण प्रमाण पत्र संशोधनको अनुमती | ३०० | |
| | ५. पंजिकरण संशोधनको पछिको प्रमाण पत्र | ५०० | |
| २० | **सर्जमीन मुचुल्का प्रमाणित** | ५०० | |
| २१ | **कन्सुलर सम्बन्धि कागजात भेरिफिकेशन** | १,०००।- | |
| २२ | **वर्गको निर्माण ब्यवसायीको लाइसेन्स ईजाजत "घ"** | | |
| | दर्ता शुल्क | १५,०००।- | नयाँ दर्ता वा नामसारि पछी कम्तिमा ५ बर्ष नामसारि वा बेचबिखन गर्न नपाईने |
| | नविकरण शुल्क | ३,०००।- | |
| | नामसारी तथा हक हस्तान्तरण शुल्क | १०,०००।- | |
| २३ | **मुद्दा दर्ता शुल्क** | २००।- | |
| २४ | **ह्याभी ईक्विपमेन्ट संचालनको अनुमती बापत** | | |
| | ठूलो एक्जाभेटर | १०,०००।- | |

| | | | |
|---|---|---|---|
| | सानो जेसिबी | ३००० | |
| | रोलर | ३००० | |
| २५ | **व्यवसाय फर्म मौजुदा सूचीमा सूचिकृत हुन** | १,००० | |
| २६ | यस अनुसूचीमा नपरेकाको हकमा गाउँ कार्यपालिकाको निर्णयले शुल्क दस्तुर तोक्नेछ। | | |

***नोटः उल्लेखित सबै प्रकारको सिफारिसहरूलाई अंग्रेजीमा तयार गर्दा दोब्बर -दस्तुर लिईनेछ ।***

## अनुसूची १०
## हाटवजार कर

सानासाना प्रकृतिका कृषि उपजहरु स्थानीयस्तरमै विक्री वितरण गर्ने उद्धेश्यले गाउँपालिका क्षेत्रभित्र एकाध स्थानमा कृषि हाटवजार लागिरहेकोमा कृषि उत्पादनलाई प्रवर्द्वन गर्न तत्काललाई हाटवजार कर संकलन नगरिने र भविष्यमा स्थायी तवरले हाटवजार लाग्ने व्यवस्था भएमा गाउँ कार्यपालिकाले हाटवजार करको दर तोकी सोही बमोजिम कर संकलन गरिनेछ।

## अनुसूची ११
## दण्ड, जरिवाना तथा सजाय

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७८।०७९ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | तोकिएका कर दस्तुर सेवा शुल्क तोकिएको समय सीमामा नबुझाएमा | पहिलो पटकका लागि बुझाउनु पर्ने रकमको ५० प्रतिशत रकम र दोस्रो वा सोभन्दा बढी पटकका लागि १०० प्रतिशत रकम जरिवाना स्वरुप लिइनेछ। | गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने कर, दस्तुर, सेवा, शुल्क लगायतका बाँकी बक्यौता रकम संकलन गर्न सम्वन्धित वडा समितिलाई परिचालन गर्न सक्ने र वडा समितिको अगुवाइमा संकलन हुने बक्यौता राजस्वको ५० प्रतिशत रकम सोही संस्थालाई पुरस्कार स्वरुप उपलब्ध गराउन सकिनेछ। |
| २ | अन्य स्थानीय तहका नियमहरु पालना नगरेमा | रु. २०००।०० | |
| ३ | गाउँपालिकाको निर्णय बमोजिम कार्यान्वयनमा गएका विकास निर्माणका काममा बाधा विरोध गर्नेलाई | पहिलो पटकका लागि रु. १०००।०० र त्यसपछि पटकै पिच्छे रु .१५००।०० का दरले दण्ड जरिवाना लिइनेछ। | |
| ४ | निषेधित स्थानमा फोहोर विसर्जन गर्नेलाई | पहिलो पटकलाई रु. ५००।०० र त्यसपछि पटकै पिच्छेलाई रु. १०००।०० लिइनेछ। | यस्ता कार्यको अनुगमनका लागि सम्वन्धित वडा समितिलाई परिचालन गर्न सक्नेछ र निषेधित स्थानमा फोहोर विसर्जन गर्ने व्यक्तिबाट दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको शत् प्रतिशत रकम वडा समितिलाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |

| | | | |
|---|---|---|---|
| ५ | जथाभावी चौपाया छाड्ने व्यक्तिलाई | प्रति चौपाया रु १००।०० . लिइनेछ। | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडा समितिलाई परिचालन गर्न सक्नेछ र जथाभावी चौपाया छाड्ने व्यक्तिबाट संकलन गरिने राजस्व रकमको शत् प्रतिशत रकम वडा समितिलाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| ६ | अर्कालाई अप्ठ्यारो पार्ने नियतले रुख पर्खाल लगाउने र घर टहरा बनाउनेलाई | गाउँपालिकाले त्यस्तो रुख पर्खाल र घरटहरा हटाउन लगाउनेछ र हटाउन नमान्नेलाई रु. १०००।०० जरिवाना लिइ त्यस्तो कार्य स्थानीय प्रशासनको सहयोगमा हटाउनेछ र हटाउँदा लाग्ने सम्पूर्ण खर्च सोही व्यक्तिबाट असुलउपर गरिनेछ। | |
| ७ | गाउँपालिकामा दर्ता नगरी व्यापार व्यवसाय गर्ने व्यक्तिलाई | रु. १०००।०० | सम्बन्धित वडाले दर्ता नगरी सञ्चालन भएका व्यापार व्यवसायको अनुगमन गर्न सम्बन्धित क्षेत्रका वडा समितिलाई परिचालन गर्नसक्ने र यसरी दर्ता नगरी व्यापार व्यवसाय गर्ने व्यक्तिहरुबाट जरिवाना स्वरु.प संकलन हुने राजस्व रकमको ५० प्रतिशत रकम वडा समितिलाई पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ। |
| ८ | अनुमती वेगर गाउँपालिकाभित्र नदीजन्य सामाग्री (ढुंगा, गिटी बालुवा) उत्खनन गर्ने व्यक्तिलाई | पहिलो पटकलाई रु. १५०००।०० जरिवाना लिइनेछ । र उक्त कार्य दोहार्याएमा पटकै पिच्छे दोब्बर जरिवाना लिइनेछ। त्यसमा प्रयोग हुने सामानहरु जफत सम्म गर्न सकिनेछ। | यस्ता कार्यको अनुगमनका लागि सम्वन्धित वडा समितिलाई परिचालन गर्न सक्नेछ र उक्त कार्यको अनुगमनमा सहयोग गरे वापत् दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको ७५ प्रतिशत रकम वडा समितिलाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| ९ | पसलहरुमा मुल्यसुची नराखेलाई | रु. १०००।०० | यस्ता कार्यको अनुगमनका लागि सम्वन्धित वडा समितिलाई परिचालन गर्न सक्नेछ र पसलहरुमा मुल्यसुची नराखेबाट दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको शत् प्रतिशत रकम वडा समितिलाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| १० | खेतीयोग्य जमिन बाँझो राखेलाई | तोकिएको मालपोत करको थप १०० प्रतिशत जरिवाना लिइनेछ। | खेतीयोग्य जमिन हो होइन भनी सम्वन्धित वडाध्यक्षले ठहर गर्नेछ। र, खेतीयोग्य जमिन बाँझो राख्ने व्यक्तिलाई गरिने जरिवानाको ५० प्रतिशत रकम |

| | | | |
|---|---|---|---|
| | | | सम्वन्धित क्षेत्रका वडा समितिलाई पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ। |
| ११ | मिति गुज्रिएका (Date Expire) सामान विक्री वितरण गर्ने सबै प्रकारका व्यवसायीलाई | पहिलो पटकका लागि रु. ३०००।०० जरिवाना लिइनेछ।र, त्यस्तो कार्य नदोहोर्याउन सचेत गराइने छ।उल्लिखित कार्य दोहोर्याएको पाइएमा प्रचलित कानून बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ। | सम्वन्धित वडाले मिति गुज्रिएका सामान विक्री वितरण भए नभएको अनुगमन गर्न सम्वन्धित क्षेत्रमा वडा समितिलाई परिचालन गर्न सक्ने र मिति गुज्रिएका सामान विक्री वितरण गर्ने व्यक्तिबाट जरिवाना स्वरु.प संकलन हुने राजस्व रकमको ७५ प्रतिशत रकम वडा समितिलाइ पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ। |
| १२ | गाउँपालिका क्षेत्रभित्रका नदी, खोला, खोल्सी आदिमा पाइने दुर्लभ असला र तीते लगायतका माछा मार्न रसायनिक विषादी वा करेण्ट वा महाजाल प्रयोग गर्ने व्यक्ति तथा समुहलाई | प्रचलित संघीय तथा प्रादेशिक कानूनमा उल्लिखित सजायका अतिरिक्त गाउँपालिकाले दश हजार रुपैयासम्म थप जरिवाना लिन सक्नेछ। | यस कार्यको निरन्तर अनुगमन गर्नका लागि सम्बन्धित वडा समितिलाईपरिचालन गर्न सक्नेछ।र, यसरी दण्ड जरिवाना गर्दा संकलन हुने राजस्व रकमको शत् प्रतिशत रकम पुरस्कार स्वरुप वडा समितिलाई उपलब्ध गराइनेछ। |
| १३ | यस अनुसूचीमा उल्लेख गरिएका विषयमा तोकिएको दण्ड जरिवानाका अतिरिक्त अन्य विषयमा दण्ड जरिवाना लगाउनु पर्ने भएमा गाउँ सभा अधिवेशनबाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकाले दण्ड जरिवाना तोक्न सक्नेछ। | | |

## अनुसूची-१२

### ढुङ्गा, गिटी, वालुवा दहत्तर बहत्तर संकलन तथा बिक्री शुल्क

IEE गरिएका स्थानहरूमा तोकीएको परिमाण भन्दा बढी नहुने गरी प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८ र अनुसूचि ५ मा उल्लेख भए अनुसार असुल गरीने । सोका लागि खानीहरूको न्युनत्तम बिक्री तथा संकलन मूल्य गाउँकार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

## अनुसूची- १३

### रुख कटान सिफारीश शुल्क

१. कुकाठ जस्तै पात्ले, कटुस, चिलाउने, सल्लो, उत्तिस, लामपाते आदि — प्रतिगोटा २००

## अनुसूचि-१४

### काठ तथा गोलिया निकासी गर्दा सडक उपभोग शुल्क

| साधन | काठको प्रकार | प्रति एकाई मूल्य | कैफियत |
|---|---|---|---|
| ट्याक्टर | कुकाठ जस्तै पात्ले ,चिलाउने ,कटुस , उत्तिस आदि ,सल्लो | ५००।- | जिल्ला वनबाट आवश्यक प्रकृया पूरा गरेका भएमात्र |
| ट्रक | " | १०००। | |
| ट्रिपर | " | ७५० | |

## अनुसूची-१५

### आगामी आ.व. २०७८/७९ र आ.व. २०७९/८० का लागि आन्तरिक आम्दानीको अनुमान

| क्र.स. | शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | चालू आ.व. २०७८/०७९ को संशोधित अनुमान | आगामी आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|---|
| १ | घरजग्गा तथा सम्पत्ति कर (मालपोत समेत) | ७६१११५ | ५००००० | ५००००० |
| २ | घरजग्गा बहाल कर | २१७३६० | १५०००० | १५०००० |
| ३ | पूर्वाधार सेवाको उपयोग कर | | | ५०००० |
| ४ | अन्य कर | ६५३५२५ | | १००००० |
| ५ | न्यायिक दस्तुर | ० | २०००० | २०००० |
| ६ | परीक्षा दस्तुर | ० | ८०००० | ८०००० |
| ७ | अन्य प्रशासनिक सेवा दस्तुर | | | ३५००० |
| ८ | सेवा शुल्क (सिफारीस दस्तुर बिलम्ब शुल्क समेत) | ५८०१५० | ४५०००० | ४७५००० |
| ९ | नाता प्रमाणित दस्तुर | | | २०००० |
| १० | अन्य दस्तुर | | | ७०००० |
| ११ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १८३६२५ | ४००००० | ४००००० |
| १२ | बहाल बिटौरी शुल्क | ० | ० | ० |
| १३ | पार्किङ शुल्क | ० | ० | ० |
| १४ | जडीबुटी, कवाडी र जीवजन्तु कर | ० | ० | ० |
| १५ | अन्य राजश्व | १४९९०० | ३६०००० | १००००० |
| १६ | बेरूजु | ६१६७७० | | ५०००० |
| | जम्मा | ३०५९७१५ | २००००० | २५००००० |